आज मिति २०८१ साल मंसिर ८ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरु:

श्री रवि कटुवाल

**प्रस्तावित विषयहरुः**

१. समीक्षा सम्बन्धमा

२. कार्यविधि संशोधन तथा पारित सम्बन्धमा

   क. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ (दोस्रो संशोधन)

   ख. लिखु गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०८१

३. गाउँ शिक्षा योजना निर्माण मूल समिति तथा गाउँ शिक्षा योजना निर्माण प्राविधिक समिति गठन सम्बन्धमा।

४. प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सिपमुलक तालिम प्रस्ताव सम्बन्धमा,

५. रकमान्तर सम्बन्धमा,

६. विविध समसामयिक विषयका सम्बन्धमा ।

**निर्णयहरुः**

**१. निर्णय नं. १, प्रस्ताव नं १, उपर निर्णय** :

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. निर्णय नं. २, प्रस्ताव नं.२ उपर निर्णय**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विधेयक समितिबाट पेश भएको देहायबमोजिमको कार्यविधि स्वीकृत गरी सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो । कार्यविधि यसैसाथ संलग्न छ ।

   क. उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ (दोस्रो संशोधन)

   ख. लिखु गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०८१

**३. निर्णय नं. ३, प्रस्ताव नं.३ उपर निर्णय**

प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँ पालिकाको शैक्षिक क्षेत्र उन्नयनको लागी १० वर्षे गाउँ शिक्षा योजना निर्माणका लागी देहाय बमोजिमको मूल कार्यदल तथा मूल कार्यदललाई सहजीकरण गर्न गाउँ शिक्षा योजना निर्माण प्राविधिक कार्यदल तपसिल बमोजिम गठन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

तपसिल:

क. गाउँ शिक्षा योजना निर्माण मूल समिति:

| | | | |
|---|---|---|---|
| १. | गाउँ शिक्षा समिति संयोजक/ गाउँ पालिका अध्यक्ष | श्री अशोक कुमार कार्की | संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | श्री अस्मिता थापा | सदस्य |
| ३. | सामाजिक विकास समिति संयोजक/ वडाध्यक्ष | श्री पुरुषोत्तम पौडेल | सदस्य |

| | | |
|---|---|---|
| ४. प्रमुख प्रशासकीय अधिकृत | श्री अर्जुन कुमार राउत | सदस्य |
| ५. वडाध्यक्ष | श्री हिरा बहादुर कार्की | सदस्य |
| ६. वडाध्यक्ष | श्री राम कुमार बुढाथोकी | सदस्य |
| ७. वडाध्यक्ष | श्री सोकर्ण श्रेश्ठ | सदस्य |
| ८. वडाध्यक्ष | श्री घन बहादुर कार्की | सदस्य |
| ९. वडाध्यक्ष | श्री मोहन कार्की | सदस्य |
| १०.वडाध्यक्ष | श्री टीका बहादुर क्याप्छाकी | सदस्य |
| ११.वडाध्यक्ष | श्री तारा बहादुर तामाङ | सदस्य |
| १२.वडाध्यक्ष | श्री केशवहरी ढुंगेल | सदस्य |
| १३.शिक्षा अधिकृत | श्री रचना मैनाली | सदस्य |

ख. गाउँ शिक्षा योजना निर्माण प्राविधिक कार्यदल

| | | |
|---|---|---|
| १. शिक्षा अधिकृत | श्री रचना मैनाली | संयोजक |
| २. प्राविधिक अधिकृत | श्री खिल नारायण श्रेष्ठ | सदस्य |
| ३. प्र. अ. ग्रा. यु. सि. मा. वि. | श्री पदम कुमार रोका | सदस्य |
| ४. प्र. अ. यसम मा. वि. | श्री चन्द्र बहादुर श्रेष्ठ | सदस्य |
| ५. शिक्षक, ग्रा. यु. सि. मा. वि. | श्री नेत्रकुमारी पौडेल | सदस्य |
| ६. शिक्षक जन जीवन मा. वि. | श्री धन बहादुर तामाङ | सदस्य |
| ७. शिक्षक ग्रामोन्नती आ. वि. | श्री श्याम बाबु भट्टराई | सदस्य |
| ८. शिक्षक, ज्ञानज्योति मा. वि. | श्री हरीकृष्ण दाहाल | सदस्य |
| ९. शिक्षक | श्री पोकल बहादुर मगर | सदस्य |

**४. निर्णय नं. ४, प्रस्ताव नं.४ उपर निर्णय**

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाअन्तर्गत **रोजगारी सृजना कार्यक्रम** कार्यान्वयन गर्न ४० जना सूचिकृत बेरोजगारहरुको लागि रोजगार प्रदान गर्न ५० दिनको कार्यस्थलमा आधारित सिप विकास तथा जीवन उपयोगी तालिममा तोकिएका शीर्षकहरु मध्ये सडक मर्मत सम्भार सम्बन्धी तालिम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. निर्णय नं. ५, प्रस्ताव नं.५ उपर निर्णय**

आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुने गरी विनियोजन भएका देहाय बमोजिमका कार्यक्रमहरु रकमान्तर तथा शीर्षकान्तरका लागी देहाय अनुसार संशोधन गर्ने तथा आगामी गाउँसभामा अनुमोदनको लागी पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | श्रोत | खर्च शीर्षक | विनियोजित रकम | थप रकम | घट रकम | शंशोधित रकम |
|---|---|---|---|---|---|---|---|
| १ | अन्य संस्थाहरुलाई सहायता | राजस्व बाँडफाँट | २५३१५ | २०००० | १०००० | ० | ३०००० |
| २ | फिल्ड भत्ता | राजस्व बाँडफाँट | २११३३ | २००००० | ० | १०००० | १९००००० |
| ३ | संगीत शिक्षक/प्रशिक्षक | आन्तरिक श्रोत | २२५२२ | ३०००० | ० | १०००० | २०००० |
| ४ | खेलकुद अनुदान | आन्तरिक श्रोत | २५३१५ | ० | १०००० | ० | १०००० |
| जम्मा | | | | २५००००० | २००००० | २००००० | २५००००० |

## ६. निर्णय नं. ६, प्रस्ताव नं.६ उपर निर्णय

विविध विषयको सम्बन्धमा पेश भएका प्रस्तावहरु माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

क. गाउँपालिकाको खेलकुद विकास समितिको सिफारिसबमोजिम सनराइज युवा क्लवले आयोजना गरेको खुला अन्तरपालिका फुटबल प्रतियोगिताको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा छलफल गर्दा लिखु गाउँपालिकाको खेलकुद विकास कार्यविधि, २०८१ बमोजिम खेलकुद अनुदान शीर्षकबाट रु. १,००,००० (एक लाख) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ख. जनजागरण युवा क्लवले लिखु गाउँपालिकाको वडा नं. ६ मा अवस्थित माटेवेशी सिद्धेश्वर महादेव मन्दिरमा बालाचतुर्दशीको अवसरमा आयोजना गरेको मेला तथा चौथो माटेबेशी बालाचतुर्दशी महोत्सव २०८१ का लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा छलफल गर्दा अन्य संस्थाहरुलाई सहायता शीर्षकबाट रु.१,५०,०००।– (एक लाख पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।